# बौदीकाली गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

## डेढगाउँ, नवलपरासी(ब.सु.पू.)

## गण्डकी प्रदेश, नेपाल

V32P+FV Dedgaun


**प.स.: २०७७/७८**
**च.नं.:**

बौदीकाली गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय डेढगाउँ, नवलपरासी (ब.सु.पू.) गण्डकी प्रदेश, नेपाल २०७३

**(प्रेस विज्ञप्ती)**

- रकुवा प्राथमिक स्वास्थ्य चौकीमा ५ शैया (अक्सिजन सहित) थप ३ वेड गरी ८ वेडको अस्थायी कोरोना अस्पताल स्थापना गरी चिकित्सक १, सि.अ.हे.व १, स्टाफ ३, कार्यालय सहयोग १ परिचालन गरिएको छ । थप अक्सिजनको लागी जिल्ला प्रशासन कार्यालय र अन्य सरकारी निकायहरुमा पत्राचार र समन्वय भईरहेको छ । १ वटा प्रति मिनेट ५ केजी अक्सिजन उत्पादन गर्ने विद्युतिय मेशिन कोभिड अस्पतालमा जडान गरिएको छ । थप १ वटा मेशिन खरिदको लागी प्रक्रिया अगाडि बढाईएको छ । सर्वसाधारणको लागी कोभिड १९ सम्बन्धि समस्या समाधानको लागी जिम्मेवारी सहित स्वास्थ्यकर्मीहरु खटाईएको छ । उहाँहरुको सेवा-कर्म निरन्तर चलिरहेको छ र चलिरहने छ ।
- कार्यालय प्रयोजनको लागी रहेको प्रयोगमा रहेको १ वटा गाडीलाई एम्बुलेन्सको रुपमा परिणत गरि तयारी हालतमा राखिएको छ भने डेढगाउँ विकास मञ्च संगको सहकार्यमा १ वटा एम्बुलेन्स पनि उपलब्ध छ । आवश्यक परेमा थप सवारीसाधनहरु समेत भाडामा प्रयोग गर्न सकिनेछ । प्रचार प्रसार र जनचेतना फैलाउने कार्य टोलटोलमा पुगेर गरिएको छ । सबै जनप्रतिनिधिहरु र कर्मचारीले क्षेत्रगत रुपमा नेतृत्व लिनुभएको छ । स्वाब कलेक्सन र जाँचलाई कार्यतालिका बनाई आजैका मितिवाट पुनः शुरु गरिदैछ । सम्बन्धित निकायहरुसंग निरन्तर समन्वय र संवाद भईराखेको छ ।
- कोभिड १९ माथी विजय प्राप्त गर्नको लागी उपचार र जाँच मात्र पर्याप्त छैन । यसको संक्रमण रोकथामको लागी सचेतना अपनाउने, सरकारको मापदण्डको अनिवार्य पालना गर्ने, मास्क लगाउने, साबुनपानीले मिचिमिचि नियमित रुपमा हात धुने, भीडभाडमा नजाने, सामाजिक दुरी कायम गर्ने जस्ता आधारभुत कुराहरु सबैले अनिवार्य पालना गर्नुपर्दछ । करिव १० दिन जति हामीले कठोरतापूर्वक उपरोक्त कुराहरुको पालना गर्यौं भने कोरोना माथीको विजय निश्चित जस्तै छ ।
- भारत लगायत विश्वका अन्य मुलकुहरु र नेपालकै कोभिड १९को जोखिमयुक्त स्थानहरुवाट यस गाउँपालिकामा आउनुभएका सम्पुर्ण महानुभावहरुलाई कम्तीमा १० दिन होम क्वारेन्टिनमा बसिदिनुहुन अनुरोध गर्दछौं ।केही समस्या आएमा सम्बन्धित वडा वा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गर्न सकिनेछ ।
- विपद्को समयमा आरोपप्रत्यारोप वा अटेरी वा अनावश्यक विवाद गर्नुभन्दा विपद् विरुद्ध सामुहिक प्रयास जारी राख्नुपर्दछ । सम्पुर्णमा यो हार्दिक अपिल समेत गर्दछौं । हामी हाम्रो कर्ममा प्रतिबद्ध छौं, रहिरहनेछौं ।
- यहाँहरुको सहयोग, सहकार्य र रचनात्मक सुझावको लागी हार्दिक धन्यवाद ।

(प्रदिपचन्द्र सुबेदी)
प्रमुख प्रशासकीय अधिकृत

मिति: २०७८/०१/२४ गते ।


@hellobaudikali @hellobaudikali baudikalimun@gmail.com 9857046264


खानेपानी, कृषि, पर्यटन र पूर्वाधारः बौदीकाली विकासको दीगो आधार